# नेपाल गजेट

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आश्विन ६ गते २०२१ साल


### नेपाल लोकसेवा आयोगको
### विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएकाछन् । योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दरखास्त दस्तूरसहित निम्न–लिखित मितिसम्ममा यस आयोगमा आइपुग्नेगरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्र र मार्कसीटका नक्कलहरू उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गरेका प्रमाणपत्रहरूको नक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्न लिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन ।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुंदा समयमानै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारह–रूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको दरखास्त दस्तूर नभएंको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दरखास्त दिंदा दरखास्त दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझैं यस आयोगबाट चाहिएजति झिकाएपनि हुन्छ । दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. ३

१) पद र स्थानः- श्री ५ को सरकार, टेलिकम्यूनिकेशन्स विभाग अन्तर्गत केन्द्रीय टेलिफोन अफिसको निमित्त लाइन टेक्नीसियन नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान ६ छ स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः- टेलिकम्यूनिकेशन्स विभाग अन्तर्गत दिएका आ. सा. प्ला. स्टाण्डर इन्स्टलेशन तथा बेसीक इन्स्टलेशनाको तालीम हासिल गरेको हुनु पर्छ ।

३) वाञ्छनीय योग्यताः- अटोमेटिक टेलिफोन एक्सचेञ्जमा कमसेकम १ वर्षसम्म लाइन टेक्निसियन भई काम गरी अनुभव प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः- रू. १२५।- देखि २३५।- सम्म ।

५) दरखास्त दस्तूरः- नगद रू. १।- एक रुपैयां ।

६) दरखास्त आयोगमा पुग्नु पर्ने मितिः- २०२१।६।१२।१ सम्म ।

७) सम्पर्क मितिः- २०२१।६।१४।३ का दिन ४ बजे ।

८) उमेरः- उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. ४

१) पद र स्थानः- श्री ५ को सरकार, टेलिकम्यूनिकेशन्स विभाग अन्तर्गत केन्द्रीय टेलिफोन अफिसको निमित्त स्वीचरूम टेक्निसियन, नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक, स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः- टेलिकम्यूनिकेशन्स विभाग अन्तर्गत दिइएको एडभान्स सेन्टर अफिस सर्केटको तालीम हासिल गरेको हुनु पर्छ ।

३) वाञ्छनीय योग्यताः- स्वीचरूम टेक्निसियसन भै कमसेकम १ वर्ष काम गरी अनुभव प्राप्त गरेकालाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः- रू.१२५।- देखि २३५।- सम्म ।

५) दरखास्त दस्तूरः- नगद रू. १। एक रुपैयां ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६) दरखास्त आयोगमा पुग्नुपर्ने मितिः– २०२१।६।१२।१ सम्म
७) सम्पर्क मितिः– २०२१।६।१४।३ का दिन ४ बजे ।
८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनपर्छ ।

## विज्ञापन नं. ५

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको लागि सिनियर मिस्त्री (सिकर्मी) नन्‌गजेटेड द्वितीयश्रेणी (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्सन पाइने ।
२) आवश्यक न्यूनतम योग्यताः– कुनै सरकारी वा गैर सरकारी संस्थाबाट वा विशेषज्ञबाट सिकर्मी काममा अनुभव प्राप्त गरेको र लगत इष्टमेटसमेत गर्नसक्ने भन्ने प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।
३) वाञ्छनीय योग्यताः– सरकारी वा गैर सरकारी संस्थामा रही कमसेकम ३ वर्षभन्दा बढी सिकर्मी काम गरिसकेको व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।
४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।
५) दरखास्त दस्तूरः– नगद रू. १।– एक रुपैयां ।
६) दरखास्त आयोगमा पुग्नुपर्ने मितिः– २०२१।६।१०।६ सम्ममा ।
७) सम्पर्क मितिः– २०२१।६।१२।२ का दिन ४ बजे ।
८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा गरेको हुनुपर्छ ।

## विज्ञापन नं. ६

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको निमित्त सिनियर मिस्त्री (डकर्मी) नन्‌गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्सन पाइने
२) आवश्क न्यूनतम योग्यताः– कुनै सरकारी वा गैर सरकारी संस्था वा तद्‌विशेषज्ञबाट डकर्मी कामको अनुभव प्राप्त गरेको र बिल्डिङ्गको प्लानहरू बुझ्न सक्ने भन्ने प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।
३) वाञ्छनीय योग्यताः– सम्बन्धित विषयमा ३ वर्षभन्दा बढी कुनै सरकारी वा गैर सरकारी संस्थामा रही सम्बन्धित विषयमा काम गरी अनुभव प्राप्त गरेको व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।
४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म
५) दरखास्त दस्तूरः– नगद रू. १।– एक रुपैयां ।
६) दरखास्त अयोगमा पुग्नुपर्ने मितिः– २०२१।६।१०।६ मा ।
७) सम्पर्क मितिः– ०२१।६।१२।१ का दिन ४ बजे ।
८) उमेरः– गम्मेदवारको उमेर १६ वर्ष पूरा गरेको हुनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## विज्ञापन नं. ७

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको निमित्त सिनियर मिस्त्री (पानीसम्बन्धी कामको) नन्‌गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक, स्थायी तथा पेन्सन पाइने ।

२) आवश्य न्यूनतम योग्यताः– कुनै सरकारी वा गैर सरकारी संस्था वा तद्विशेषज्ञबाट पानी काममा अनुभव प्राप्त गरेको र लगत इष्टमेटसमेत गर्नसक्ने भन्ने प्रमाणपत्र हासिल गरेको हुनुपर्छ ।

३) वाञ्छनीय योग्यताः– सम्बन्धित विषयमा ३ वर्षभन्दा बढी कामकाज गरी अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तुरः– नगद रू. १ एक रुपैयां ।

६) दरखास्त आयोगलाई प्राप्त हुनुपर्ने मितिः– ०२१।६।१०।६ ।

७) सम्पर्क मितिः– ०२१।६।१२।१ का दिन ४ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा गरिसकेको हुनुपर्छ ।

## विज्ञापन नं. ८

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको लागि सिनियर मिस्त्री (चित्रकारी) नन् गजेटेड द्वितीयश्रेणी, (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– कुनै शिक्षण संस्थाबाट चित्रकलासंबन्धी प्रमाणपत्र प्राप्त गरेको साथै उक्त विषय कामको लगत इष्टमेटसमेत गर्न सक्ने हुनुपर्छ ।

३) वाञ्छनीय योग्यताः– सरकारी वा गैर सरकारी संस्थामा रही चित्रकारीसम्बन्धी काममा ३ वर्षभन्दा बढी काम गरी अनुभव प्राप्त गरेका व्यक्तिलाई विशेष ग्राह्यता दिइने छ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तुरः– नगद रू. १।– एक रुपैयां ।

६) दरखास्त आयोगमा पुग्नुपर्ने मिति– ०२१।६।१०।६ सम्म ।

७) सम्पर्क मिति– ०२१।६।१३।२ का दिन ३ बजे ।

८) उमेर– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

## विज्ञापन नं. ९

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको निमित्त सिनियर मिस्त्री (नकर्मी) नन् गजेटेड द्वितीय श्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्सन पाइने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) आवश्यत न्यूनतम योग्यताः– नकर्मी काममा सिपालु भई कुनै सरकारी वा गैर सरकारी संस्थाबाट वा तद्विशेषज्ञबाट प्रमाणपत्र हासिल गरेको र उक्त कामको लगत इष्टमेट गर्न सक्ने र काठ चिरानी रण्डा कलहरूको ज्ञानसमेत भएको हुनुपर्छ।

३) वान्छनीय योग्यताः– ३ वर्षभन्दा बढी सरकारी वा गैर सरकारी संस्थामा रही तद्विषय अनुभव प्राप्त व्यक्तिलाई बिशेष ग्राहृयता दिइनेछ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूरः– रू. १। एक रुपैयां ।

६) दरखास्त आयोगमा पुग्नुपर्ने मितिः– ०२१।६।१०।६ सम्म ।

७) सम्पर्क मितिः– ०२१।६।१३।२ का दिन ३ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा गरेको हुनुपर्छ ।

## विज्ञापन नं. १०

१) पद र स्थानः– श्री ५ को सरकार, भवन विभाग अन्तर्गत उपत्यका मर्मती डिभिजनको लागि सिनियर मिस्त्री (वज्रकर्मी) नन्गजेटेड द्वितीयश्रेणी (प्राविधिक) जवान १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– वज्रकर्मी काममा अनुभवी भई कुनै सरकारी वा गैर सरकारी वा तद्विशेषज्ञबाट प्रमाणपत्र हासिल गरेको र उक्त कामको लगत इष्टमेटसमेत गर्न सक्ने हुनुपर्छ ।

३) वाञ्छनीय योग्यताः– सम्बन्धित बिषयमा सरकारी वा गैर सरकारी संस्थाहरूमा रही ३ वर्षभन्दा बढी काम गरी अनुभव प्राप्त गरेका व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. १।– एक रुपैयाँ ।

६) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२१।६।१०।६ सम्म ।

७) सम्पर्क मितिः– ०२१।६।१३।२ का दिन ४ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा गरेको हुनुपर्छ ।

## विज्ञापन नं. ११

१) पद र स्थानः– श्री ५ को सरकार, प्रसारविभागको निमित्त जुनियर टेक्निकल एसिष्टेण्ट नन्गजेटेड, द्वितीय श्रेणी, (प्राविधिक) जवान २ दुई स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– रेडियो ब्रोडकाष्टिङ्गसम्बन्धी काममा कमसेकम ३ वर्ष अनुभव प्राप्त गरी ब्रोडकाष्टिङ्गसम्बन्धी मेशिनको संचालन तथा मर्मत गर्न सक्ने भन्ने प्रमाणपत्र प्राप्त गरेको हुनुपर्छ ।

३) वाञ्छनीय योग्यताः– लेख पढसमेत गर्न जान्नेलाई विशेष ग्राहृयता दिइनेछ ।

४) मसिक तलबको स्केलः– रू. १२५।– देखि २३५।– सम्म ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५) दरखास्त दस्तूरः– नगद रू. १ एक रुपैयां ।

६) दरखास्त आयोगलाई प्राप्त हुनुपर्ने मितिः– २०२१।६।१६।५

७) सम्पर्क मितिः– २०२१।६।२०।२ का दिन ३ बजे ।

८) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा गरेको हुनु पर्छ ।

## विज्ञापन नं. १२

१) पद र स्थानः– श्री ५ को सरकार, विद्युत् विभाग र सो अन्तर्गत डिभिजनको निमित्त ओभरसियर नन् गजेटेड प्रथम श्रेणी (प्राविधिक) जवान २ दुई, स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– सिभिल ओभरसीयर डिप्लोमा प्राप्त गरेको हुनुपर्छ ।

३) वान्छनीय योग्यताः– सरकारी अफिसमा काम गरिसकेको व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– सर्भे इष्टमेट नक्शा इत्यादि ।

५) मासिक तलबको स्केलः– रू. २००।- देखि ३७५।- सम्म ।

६) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।

७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०२१।६।१४।३ सम्म

८) सम्पर्क मितिः– २०२१।६।१६।५ का दिन ४ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

## विज्ञापन नं. १३

१) पद र स्थानः– श्री ५ को सरकार, नि. सं. या. मंत्रालय, यातायात विभागको निमित्त कम/ए. टी. सी. सुपर भाइजर, गजेटेड तृतीय श्रेणी ( प्राविधिक ) स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– ए. टी. सी. विषयको ट्रेनिङ्गमा सफलता प्राप्त गरेको साथै हवाईसम्बन्धी अरू कुनै एक प्राविधिक विषयको तालीममा समेत सफल भएको हुनुपर्छ ।

३) वान्छनीय योग्यताः– कम/ए. टी. सी. सुपर भाइजरको काममा अनुभव प्राप्त व्यक्तिलाई विशेष ग्राह्यता दिइनेछ ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।

६) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– २०२१।६।१५।३ सम्म ।

७) सम्पर्क मितिः– २०२१।६।१६।५ का दिन ३ बजे ।

८) उम्मेदवारले गर्नुपर्ने कामको किसिमः– कम्यूनिकेशन तथा एयर ट्राफिक कन्ट्रोल विषयहरूमा सबै हवाई अड्डाको काममा नियन्त्रण तथा रेखदेख गर्ने ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०) स्वास्थ्य परीक्षाः– दरखास्त दिने उम्मेदवारहरूको अन्तर्वार्ता पछि कुनै सरकारी अस्पतालद्वारा स्वास्थ्य परीक्षा गराई उपयुक्त देखिएमा मात्र सिफारिश गरिनेछ । स्वास्थ्य परीक्षावापत रू. १०।– दश उम्मेदवार आफैले बुझाउनुपर्नेछ ।

आज्ञाले–
सचिव,
लोक,सेवा आयोग ।

## नेपाल लोकसेवा आयोगको
## सूचना नं. १७

यस आयोगबाट लिखित परीक्षा नलिइने प्रयोगात्मक र अन्तर्वार्ताद्वारा अथवा अन्तर्वार्ताद्वारा मात्र सिफारिश गरिने पदहरूका लागि दरखास्त दिने उम्मेदवारहरूबाट २०२१ साल आश्विन १ गतेदेखि देहायबमोजिम अन्तवर्ता दस्तूर लिने मिति ०२१।४।६ र ०२१।४।२५ मा आयोगबाट निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पद | दस्तूर |
|---|---|
| १. गजेटेड द्वितीय श्रेणीको पदका लागि रू. — – – | १५।– (पन्द्रह) |
| २. गजेटेड तृतीय " " " रू. — – – | १०।– ( दश ) |
| ३. नन् गजेटेड प्रथम " " " रू. — – – | ७।– (सात ) |
| ४. नन् गजेटेड द्वितीय श्रेणी र रू. १२००।– भन्दा माथिको पदका लागि रू. – – | ५।– ( पांच ) |

आज्ञाले–
उदयप्रसाद
सचिव
लोक सेवा आयोग

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ